REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 05.02.2025

## Assembly

राज्यपाल श्री ओम प्रकाश माथुरले भन्नुभएको छ वर्तमान राज्य सरकारको प्राथमिकता विजुली, पानी र सड़क जस्ता बुनियादी आवश्यकताहरूलाई सुदृढ़ बनाउनु रहेको छ।

राज्य विधानसभाको आज बसेको एक दिवसीय अधिवेशनमा आफ्नो अभिभाषण प्रस्तुत गर्दै उहाँले सरकारद्वारा जनहितमा कार्यान्वित विभिन्न योजनाहरूको उल्लेख गर्नभयो।

श्री माथुरले भन्नुभयो वर्तमानको जनमुखी सरकारले सबै समुदायको कल्याणार्थ काम गरिरहेछ।

राज्यपालले भन्नुभयो केन्द्र सरकारको नीति आयोगको नवीनतम सतत विकास लक्ष्य अनुसार सिक्किम राज्यले 2020-2021 को तलनामा अहिले उल्लेखनीय प्रगति गरेको छ।

उहाँले भन्नुभयो विभिन्न क्षेत्रमा असाधारण उपलब्धिले गर्दा सतत विकास लक्ष्य प्राप्तिको दिशामा सिक्किम राज्य पूर्वोत्तरका अन्य राज्यहरूभन्दा अग्रणी रहेको छ।

पछि धन्यवाद प्रस्तुत गर्दै सदनका नेता तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले भन्नुभयो सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको सरकार गठन भएदेखि नै सरकार समावेशी शासनव्यवस्था, धार्मिक निष्पक्षता, साम्प्रदायिक सद्भावना, आपसी सहयोग र विशेषाधिकारविहीनहरूलाई सहायता लागि प्रतिवद्ध रहेको छ।

उहाँले गरीब गर्वाका समस्याको समाधान गर्नका लागि अथक रूपमा कार्य गर्ने प्रतिज्ञा गर्नुभयो।

सदनमा आज चार नयाँ र तीनवटा संशोधन विधेयकहरू प्रस्तुत गरियो।

नयाँ विधेयकहरूमा स्वस्तिक विश्वविद्यालय सिक्किम विधेयक 2025, Trident Applied Sciences विश्वविद्यालय, सिक्किम विधेयक, श्री भेकटेश्वर विश्वविद्यालय विधेयक, र सिक्किम नमूना पाठशाला विधेयक 2025 सामेल छन्।

यसै गरी संशोधन विधेयकहरू हुन् सिक्किम मोटर यान कराधान विधेयक 2025, सिक्किम लोक मांग वसूली विधेयक र सिक्किम नगरपालिका संशोधन विधेयक 2025। शिक्षा मन्त्री श्री राजु बस्नेतले नयाँ विधेयकहरू प्रस्तुत गर्नुभयो भने मुख्यमन्त्रीले दुइवटा र शहरी विकास मन्त्री श्री भोजराज राईले एउटा संशोधन विधेयक प्रस्तुत गर्नुभयो।

यी विधेयकहरूमाथि वहस र मतदान अघिल्लो सत्रमा हुनेछ।

यसअघि विधानसभा अध्यक्ष श्री एम एन शेर्पाले गत उपचुनाउमा निर्विरोध निर्वाचित हुनुहुनुभएका सत्तारूढ एसकेएम पार्टीका उम्मेदवारहरू सोरेङ च्याखुङ समष्टिका श्री आदित्य गोले र नाम्ची सिङ्गिथाङका श्री सतीश चन्द्र राईलाई आधिकारिक रूपमा विधायकको शपथ ग्रहण गराउनु भयो।

पछि सदनमा पूर्व मन्त्री तथा विधायक स्वर्गीय टी टी भुटियाको निधनमा शोख प्रकट गर्दै दुई मिनट मौन धारण गरियो।

## Green School Rating

नाम्चीको पी एम श्री सरकारी उच्चतर माध्यमिक विद्यालय समग्र पूर्वोत्तर राज्यहरूबाट ग्रीन स्कूलको दर्जा प्राप्त गर्ने एकमात्र शैक्षिक संस्थान भएको छ।

नयाँ दिल्लीको इण्डिया habitat सेन्टरमा केन्द्रीय विज्ञान तथा पर्यावरण केन्द्रद्वारा हिजो आयोजित ग्रीन कार्निभल तथा  हरित पाठशाला पुरस्कार समारोहमा पीएम श्री पाठशालालाई पुरस्कृत गरियो।

देशभरि विभिन्न पाठशालाहरूबाट युवा पर्यावरणविद्हरूलाई संलग्न गराउन केनद्रीय विज्ञान तथा पर्यावरण केन्द्रले यो कार्यक्रम वर्षेनी आयोजन गर्छ।

जुलाईदेखि दिसम्बरसम्मको अवधिमा ग्रीन स्कूल अडिट रिपोर्टको मूल्याङ्कन र विश्लेषणपछि पाठशालाहरूलाई ग्रीन स्कूलको दर्जा दिइन्छ।

2024-2025 सत्रका निम्ति ग्रीन स्कूल अडिट रिपोर्ट प्रस्तुत गर्ने दस हजार भन्दा अधिक पाठशालाहरूमध्ये एक सय पचास पाठशालाहरूलाई ग्रीन स्कूलको दर्जा प्रदान गरियो।

समारोहमा नाम्चीका पी एम श्री पाठशालाबाट दुइजना विद्यार्थीहरूसित शिक्षक श्री के. एस राईले सिक्किम राज्यको प्रतिनिधित्व गर्नुभयो।

उहाँले यो उपलब्धिको श्रेय राज्यको वन तथा पर्यावरण विभागको पर्यावरण सूचना प्रणाली केन्द्रलाई दिनुभयो। यस केन्द्रले राज्यका शिक्षक र विद्यार्थीहरूलाई समय समयमा प्रशिक्षण आयोजन र आवश्यक जानकारी प्रदान गर्ने कार्य गर्छ।

ग्रीन स्कूल दर्जाको मानदण्डबारे श्री एस राई भन्नुहुन्छ।

## National Safety Month

परिवहन विभाग अधिन मोटर यान प्रभागले आज मंगनमा राष्ट्रिय सड़क सप्ताह महीना पालन गर्दै एउटा समारोह आयोजित गर्यो।

यसको उद्देश्य दुर्घटनाहरूको रोकथाम र सबैका लागि सड़क सुरक्षा सुनिश्चित गर्न सड़क सुरक्षाका उपायहरूबारे जागरूकता ल्याउनु उत्तरदायी वाहन परिचालन र ट्राफिक नियमहरूको महत्वबारे जानकारी प्रदान गर्नु थियो।

यस अवसरमा पैदल र्याली र मोटर र्याली आयोजन गरियो।

त्यसपछि उपस्थित जनसमूहलाई सम्वोधन गर्दै मंगनका जिल्लाधीश श्री अनन्त जैनले चालकहरूसित शान्त रहेर सुरक्षित गतिमा वाहन हाँक्ने आग्रह गर्नुभयो। यसअघि उहाँले सड़क सुरक्षा शपथ ग्रहण गराउनुभएको थियो।

## Weather

राज्यमा विगत केही दिनदेखि तापमानमा कमी आएकोले जाड़ोको प्रकोप बढ़ेको छ।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार गान्तोकमा आज अधिकतम तापमान तेह्र दशमलउ दुई डिग्री सेल्सियस र न्यूनतम तापमान नौ डिग्री सेल्सियस रेकार्ड गरियो।

विभागको पूर्वानुमानमा भोलि अधिकतम तापमान बाह्र डिग्री सेल्सियस र न्यूनतम तापमान सात डिग्री सेल्सियस रहनेछ।